# सूर्योदय नगरपालिकाको सुशासन(व्यवस्थापन तथा संचालन) ऐन २०७६ लाई संशोधन गर्न बनेको पहिलो संशोधन विधेयक२०७७

**प्रस्तावना**

सूर्योदय नगरपालिकाको सुशासन (व्यवस्थापन तथा संचालन ) ऐन २०७६ लाई समय सापेक्ष संशोधन गर्न वान्छनिय भएकोले सूर्योदय नगरपालिकाको सातौ नगर सभाले यो ऐन जारी गरी लागू गरिएको छ ।

**१-संक्षिप्त नाम र प्रारम्भः**

१- यो ऐनको नाम सूर्योदय नगरपालिकाको सुशासन (व्यवस्थापन तथा संचालन ) ऐन २०७६ लाई संशोधन गर्न बनेको ऐन २०७७ रहेको छ ।

२- यो ऐन नगर सभाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भए पछी लागू हुनेछ।

१. मूल ऐनको दफा ३ को उपदफा ५ को स्थानीय सरकार संचालन ऐन २०७४ पछी "र संघीय सरकार र प्रदेश सरकारले समय समयमा दिएको अधिकार र निर्देशन अनुसार " भन्ने वाक्यांश थप गरिएको ।

२. मूल ऐन को दफा ३ को उपदफा ७ को गाउँ सभा तथा नगर सभा संचालनको लागि व्यवस्था गर्न बनेको ऐन २०७५ पछी "प्रदेश सभा र नगर कार्यपालिकाले बनाएको नियम " भन्ने वाक्यांश थप गरिएको छ ।

३. मूल ऐनको दफा ४ को उपदफा १ को देहायको (ड) पछी देहाय "ढ" मा"भ्रष्टाचार निवारण ऐन २०५९" थप गरिएको छ ।

४. मूल ऐनको दफा ५ को उपदफा (१) को देहाय (ढ) पछी देहाय "ण" मा "पर्यावरण संरक्षण र उपभोग सम्बन्धि ऐन" थप गरिएको छ ।

५. मूल ऐनको दफा ५ को उपदफा(२)मा अख्तियार गरेको नीतिहरु पछी "नेपाल पक्ष भएको स्थानीय तहले गर्ने भनिएका अन्तराष्ट्रिय संन्धी सम्झौता प्रावधानहरु सो अन्तरगत राज्यवाट प्रतिपादित राज्यका निर्देशक सिद्धान्त नीति तथा दायित्वहरु" भन्ने वाक्यांश थप गरिएकोछ।

६. मूल ऐनको परिच्छेद (३) को दफा (६) को उपदफा (३) को पदाधिकारीहरुको काम कर्तव्य र अधिकार अन्तरगत रहेको "वडा सदस्य" भन्ने वाक्यांश हटाई स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम पछी "र अन्य व्यवस्था नगर सभा र कार्यपालिकाले गरे अनुसार " भन्ने वाक्यांश थप गरिएको छ ।

७. मूल ऐनको परिच्छेद (३) को दफा (६) को उपदफा (५) को जनप्रतिनिधिहरुले पछि"आ-आफ्नो क्षेत्रभित्र गरेको कामको विवरण" भन्ने वाक्यांश थप गरिएको छ ।

८. मूल ऐनको परिच्छेद (३) को दफा (६) को उपदफा (७) को सिर्जना पछि गरिने छ भन्ने वाक्यांश हटाई"र कार्यविवरण तोकिनेछ" भन्ने वाक्यांश थप गरिएको छ।

९. मूल ऐनको परिच्छेद (३) को दफा (६) को उपदफा (११) को व्यवस्था पछी गर्नेछ भन्ने शब्द हटाई "गरिने छ" भन्ने शब्द थप गरिएको छ ।

१०. मूल ऐनको परिच्छेद (३) को दफा (७) को उपदफा (१) को देहाय (क) को दिने व्यवस्था पछी गर्नेछ भन्ने शब्द हटाई "गरिने छ" भन्ने शब्द थप गरिएको छ ।

११. मूल ऐनको परिच्छेद (३) को दफा (७) को उपदफा (१) को देहाय (ज) को प्राथमिकिकरणका आधारहरु स्पष्टहुने छ भन्ने शब्द हटाई "सर्वशुलभ गरिनेछ" भन्ने शब्द थप गरिएको छ ।

१२. मूल ऐनको परिच्छेद (३) को दफा (८) को उपदफा (१) को देहाय (छ) रेकर्ड राखिने छ भन्ने शब्द पछी "असामान्य अवश्था आई परे कार्यपालिकाले छुटै व्यवस्था गर्न सक्ने छ" भन्ने वाक्यांश थप गरिएको छ ।

१३. मूल ऐनको परिच्छेद (३) को दफा (८) को उपदफा (१) को देहाय (ढ) को प्राथमिकता पछी राख्नेछ भन्ने शब्द हटाई "राखिनेछ" भन्ने शब्द थप गरिएको छ ।

१४. मूल ऐनको परिच्छेद (३) को दफा (७) को उपदफा (१) को देहाय (न) को स्वीकृत गर्दा भन्ने शब्द पछाडी "सामान्यत", र हुनेछ भन्ने शब्द हटाई "गरिनेछ" भन्ने शब्द थप गरिएको छ ।

१५. मूल ऐनको परिच्छेद (३) को दफा (१०) को उपदफा (१) मा भएको नगरपालिकाले स्थानीय सरकार संचालन ऐन/ सरकारले सार्वजनिक कार्य गर्दा भन्ने शब्दावली हटाइएको छ र सोही उपदफामा निर्माण पछी गर्नेछ भन्ने शब्द हटाई गरिने छ, नगरपालिकाले भन्ने शब्द पछी "आफै,नीजि क्षेत्र र उपभोक्ता समितिबाट " भन्ने शब्द थपीएको छ र नीजि समन्वयमा र सामुदायीक तवरले काम गर्ने भएकोले भन्ने वाक्यांश हटाइएको छ ।

१६. मूल ऐनको परिच्छेद (३) को दफा (१०) को उपदफा (४) देहाय (च) को अनुशिक्षण पछी "देश दर्शन फसल कार्यक्रमको भ्रमण" भन्ने वाक्यांश थप गरिएको छ ।

१७. मूल ऐनको परिच्छेद (३) को दफा (११) को उपदफा (१) देहाय (छ) हटाइएको छ।

१८. मूल ऐनको परिच्छेद (३) को दफा (१२) को उपदफा (१) देहाय (च) हटाइएको छ।

आज्ञाले
प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत